महाशिला गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः १ संख्याः ३३ मितिः २०७५/०८/०५

**भाग-२**

**महाशिला गाउँपालिका**

## महाशिला गाउँपालिका गाँजा, रक्सि जुवा तास नियन्त्रण तथा कारबाही कार्यविधि, २०७५

*गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः २०७५।०८।०४*

**प्रस्तावनाः**

यस महाशिला गाउँपालिकाले स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ११ उपदफा ४ ख(१३) वमोजिम सुर्ति, मदिरा र लागू पदार्थजन्य वस्तुको प्रयोग नियन्त्रण तथा सचेतना अभिवृद्धि गर्ने अधिकार रहेकोमा गाउँसभाले समेत संकल्प प्रस्ताव पास गरी मिति २०७५ कार्तिक १ लागु हुने गाउँपालिका क्षेत्रमा गाँजा, रक्सि जुवा तास नियन्त्रण गर्ने निर्णय गरेको र नेपाल सरकार गृह मन्त्रायले समेत मदिरा तथा लागुपदार्थ जन्य बस्तुको प्रयोगमा कडाई गर्न निर्देशन भईआएकोले सो कार्यलाई व्यवस्थित र प्रभावकारी बनाई गाउँपालिकामा वालवालिका, महिला तथा यौनजन्य हिंसा र अपराधको न्यूनिकरणका साथै सामाजिक र आर्थिक विकासलाई टेवा पुगोस भन्ने उदेश्यले यो कार्यविधि तयार गरिएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम “ महाशिला गाउँपालिका गाँजा, रक्सि जुवा तास नियन्त्रण तथा कारबाही कार्यविधि, २०७५” रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

(क) “अध्यक्ष” भन्नाले गाउँपालिकाको अध्यक्ष सम्झनुपर्छ ।

(ख) “उपाध्यक्ष” भन्नाले गाउँपालिकाको उपाध्यक्ष सम्झनुपर्छ ।

(ग) “कार्यपालिका” भन्नाले महाशिला गाउँ कार्यपालिका सम्झनुपर्छ ।

(घ) “ प्रमुख प्रशासकिय अधिकृत” भन्नाले गाउँकार्यपालिकाको कार्यालयको प्रमुख प्रशासकिय अधिकृत सम्झनुपर्छ ।

(ङ) “गाउँपालिका” भन्नाले महाशिला गाउँपालिका सम्झनु पर्छ ।

(च) “वडा सचिव” भन्नाले गाउँपालिकाको वडा कार्यालयको प्रशासकीय प्रमुखको रुपमा कामकाज गर्न तोकिएको वडासचिव सम्झनुपर्छ ।

(ज) “वडा समिति” भन्नाले महाशिला गाउँपालिकाको वडा समिति सम्झनु पर्छ ।

(झ) “सदस्य” भन्नाले गाउँ कार्यपालिकाको सदस्य सम्झनु पर्छ । सो शब्दले गाउँ कार्यपालिकाको अध्यक्ष, उपाध्यक्ष र वडा अध्यक्ष समेतलाई जनाउनेछ ।

(ञ) “सभा” भन्नाले महाशिला गाउँपालिकाको गाउँसभालाई सम्झनुपर्छ ।

(ट) “अनुगमन समिति” यस कार्यविधि वमोजिम गठित गाउँपालिका र वार्ड स्तरका अनुगमन समितीहरुलाई वुझाउने छ ।

(ठ) “स्वयंसेवक” भन्नाले महाशिला गाउँपालिका स्वयंसेवकहरुलाई जनाउने छ ।

(ड)

३. **कार्यविधि लागु हुने क्षेत्र** (१)यो कार्यविधि महाशिला गाउँपालिका क्षेत्रमा लागु हुनेछ ।

**४. नियन्त्रणको लागि सञ्चालन गरिने क्रियाकलाप सम्बन्धी व्यावस्था :** (१) यस महाशिला गाउँपालिका क्षेत्रमा जाँड रक्सी, गाँजा, लागु औषध र जुवा तास नियन्त्रणको लागि देहायबमोजिमका क्रियाकलाप सञ्चालन गरिनेछ ।

(क) महाशिला गाउँपालिकाले गाउँपालिका क्षेत्रभित्र कुनै पनि मदिरा पसल दर्ता गर्ने छैन र दर्ता तथा नविकरणको लागि सिफारिस पनि गर्ने छैन । यस अघि इजाजत पत्र लिई सञ्चालनमा आएका मदिरा पसललाई स्वघोषित रुपमा इजाजतपत्र बन्द गर्न आग्रह गरिने छ र त्यस्ता इजाजत प्राप्त पसलहरुको इजाजत पत्र दर्ता तथा नविकरणको समयमा गाउँपालिकासंग समन्वय गर्न सम्बन्धित निकायमा अनुरोध गरिनेछ ।

(ख) जाँडरक्सी नियन्त्रण र निषेधकालागि आन्तरिक राजश्व कार्यालय, कोष तथा लेखा नियन्त्रण कार्यालय, जिल्ला प्रहरी कार्यालय, स्थानीय र जिल्ला प्रहरी साथै उद्योग वाणिज्य संघसंग समेत समन्वय र सहयोगमा काम गरिने छ ।

(ग) जाँड रक्सी, गाँजा, लागु औषध र जुवा तास नियन्त्रण तथा निषेध र कार्यवाहीका लागि स्थानिय प्रशासन र गाउँपालिकाका स्वयंसेवक र नगर प्रहरीको समेत प्रयोग गरिने छ ।

(घ) यस अभियानमा टोल विकाससंस्था, आमा समुह, शिक्षक, विद्यार्थी साथै आम जनसमुदायहरुलाई सहभागी गराईने छ ।

(च) यस अभियानलाई सहयोग गर्नु सबैको कर्तव्य हुनेछ । सहयोग नगर्नेलाई सामाजिक बहिष्कारको नीति अवलम्बन गरिने छ । यस अभियानमा शिक्षक, विद्यार्थी, कर्मचारी, जनप्रतिनिधि, टोलविकास संस्था, आमा समूह, यूवा क्लव, धार्मिक संस्था, पंडित, पुरोहित, लामा, राजनीतिक दल समेतलाई आवह्‍न गरिने छ ।

(छ) व्यापक पर्चा, पम्प्लेट र माईकिङ्ग, नाटक, गित जस्ता कार्यक्रम टोल, विद्यालय तथा वडा स्तरमा गरिने छ ।

(ज) वस्ति र टोल भेला गरी गाँजा, रक्सि, जुवा तासको नकरात्मक असरको बारेमा सचेतना अभिवृद्धि गरिने छ र टोल विकास संस्थाहरुलाई स्वयं आचरसहिंता बनाउन लगाई सम्भव भएसम्म टोलस्तरबाटनै नियन्त्रण घोषणा गर्न लगाईनेछ ।

(झ) वडाका चोक एवं महाशिला प्रवेशद्धारमा होर्डिङ्गबोर्ड राख्ने, पत्रपत्रिका एवं संचार माध्यममा समेत व्यापक प्रचारप्रसार गरिने छ । साथै सबै व्यवसायी र सवारी साधनहरुलाई समेत आवह्वान गरिने छ ।

(झ) माथि जुनसुकै कुरा लेखिएको भए पनि जाँड रक्सी विभिन्न जातिय संस्कार वमोजिम शुभकार्य, देवकार्य र पितृकार्यमा संस्कारगत र संस्कृतिगत रुपमा चढाउने जस्ता काममा वाधा पुग्ने छैन । जुन कामका लागि वडा कार्यालयमा लिखित जानकारी दिनु पर्ने छ ।

**५. <u>जिम्मेवारी तथा उत्तरदायित्वः</u>** (१) यस अभियानको जिम्मेवारी सम्पूर्ण जनप्रतिनिधि, कर्मचारी एवं महाशिलाबासीको हुनेछ ।

(२) गाउँ कार्यपालिकाका अध्यक्ष, उपाध्यक्ष, सदस्यहरु साथै गाउँपालिकाका सवै कर्मचारी, शाखा र विद्यालयहरु, टोल विकाससंस्था र आमा समुह साथै संजालहरुको जिम्मेवारी र उत्तरदायी हुनेछन ।

**६. कारबाही सम्बन्धी व्यवस्था :** महाशिला गाउँक्षेत्रमा मदिरा तथा जुवातासमा संलग्नलाई अनुसूची १ बमोजिमको कारबाही गरिने छ । जरिवानाबाट उठेको रकमको २५ प्रतिशत रकम इलका प्रहरी कार्यालयलाई प्रोत्साहन स्वरुप उपलब्ध गराईनेछ ।

**७.अनुगमन सम्बन्धी व्यवस्था :** (१)वडा स्तरमा अनुगमन गर्ने कार्य वडा समिति र ईलाका प्रहरीको टोलीले संयुक्त रुपमा गर्ने छ ।

(२) गाउँपालिका स्तरमा देहायको अनुगमन समिति हुनेछ ।

उपाध्यक्ष : संयोजक

सामाजिक विकास संयोजक : सदस्य

सम्बन्धित वडाको वडा अध्यक्ष : सदस्य

इलाका प्रहरी इन्चार्ज : सदस्य

सामाजिक विकास अधिकृत : सदस्य सचिव

८. **नियन्त्रित क्षेत्र घोषणा सम्बन्धी व्यवस्था :** (१) वडा अनुगमन समितिले अनुगमन गरी गाउँपालिका स्तरको अनुगमन समितिलाई सिफारिस गर्ने छ र गाउँपालिका स्तरीय अनुगमन समितिले अनुगमन गरि नियन्त्रित क्षेत्र घोषणा गर्न उपयुक्त ठहर गरी घोषण गर्न अनुमती प्रदान गरेमा सम्बन्धित वडाले नियन्त्रित क्षेत्र घोषणा गर्न सक्नेछ ।

(२) सबै वडा घोषणा भइसकेपछि विशेष कार्यक्रमका विच गाउँपालिकालाई मदिरा तथा जुवातास नियन्त्रण क्षेत्र घोषणा गरिने छ ।

९. **थपघट, हेरफेर वा संशोधनः** (१) गाउँकार्यपालिकाले यस कार्यविधिलाई आवश्यकता बमोजिम संशोधन गर्न सक्नेछ ।

१०. **बाधा अड्काउ फुकाऊ** : यो कार्यविधि कार्यान्वयनको सम्बन्धमा कुनै बाधा अड्काउ परेमा यस कार्यविधिको भावनाको प्रतिकूल नहुने गरी गाउँकार्यपालिकाले त्यस्तो बाधा अड्काउ फुकाउन आवश्यक व्यवस्था गर्न सक्नेछ ।

११. **यसै बमोजिम भए गरेको मानिने** : यो कार्यविधि स्वीकृत हुनुपूर्व गाउँपालिका एवं वडा कार्यालयबाट गाँजा, रक्सि जुवा तास नियन्त्रणमा गरेका कामहरु यसै कार्यविधि अनुरुप गरेको मानिनेछ ।

## अनुसुची १(दफा ६ सँग सम्बन्धित)

महाशिला गाउँपालिका क्षेत्रमा दफा बमोजिमको क्रियाकलाप गर्नेलाई कारबाही सम्बन्धी व्यवस्था

जुवातास खेल्नेलाई रु १००० जरिवाना ।

जुवातास खेलाउनेलाई २००० जरिवाना ।

सवारी साधनहरुले बिक्री गर्ने उदेश्यले मदिरा बोकेमा : ५००० जरिवाना र मदिरा जफत ।

मदिरा सेवन गरी होहल्ला गर्नेलाई रु ५०० जरिवाना ।

मदिरा बिक्री गर्ने उदेश्यले पसलमा राखेमा १००० जरिवाना र मदिरा जफत ।

अनुसुची  २ संग संवन्धित

जाँड रक्सी, गाँजा, लागु औषध र जुवा तास नियन्त्रण तथा निषेध र कार्यवाही संवन्धि क्रियाकलाप

यस महाशिला गाँउपालिकामा जाँड रक्सी, गाँजा, लागु औषध र जुवा तास नियन्त्रण तथा निषेध र कार्यवाहीकालागि तपशिलमा उल्लेखित क्रियाकलाप संचालन गरिनेछ । सो को खर्च गाउँपालिका तथा वार्डतहवाट व्यावस्थापन गरिने छ ।

१. सवै वार्ड तहमा अनुगमन समिती गठन गर्ने ।

२. व्यापक पर्चा, पम्प्लेट र माईकिङ्ग , नाटक, गित जस्ता कार्यक्रम वस्ति, स्कुल र वार्ड तहमा गर्ने ।

३. वस्ति र टोल भेला गरी निषेधित क्षेत्र वनाउन धोषणाका कार्यक्रम गर्ने र  सपथ र आचारसंहिता वनाउने ।

४. वार्डका चोक र सार्वजनिक स्थलमा होर्डिङ्गवोर्ड राख्ने र संचार माध्यमवाट प्रचार प्रसार गराउने ।

५. स्थानिय प्रशासनलाई जानकारी गराउने, पत्राचार गर्ने र संवन्धित निकायमा कोलेनी, अन्तशुल्क कार्यालय र प्रदेश र केन्द्र सरकारका विभिन्न निकायमा जानकारी गराउने ।

६. जाँड रक्सी, गाँजा, लागु औषध र जुवा तास नियन्त्रण तथा निषेध र कार्यवाहीकालागि विभिन्न समूह, संजाल, विद्यार्थी, शिक्षक, कर्मचारी, स्थानिय टोल विकास संस्था, युवाक्लव, आमा समुह, धार्मिकसंस्था, पंडित,लामा, गुरुपुरुहित, घामीझाक्री, जातिय संगठन, जनवर्गिय संगठन र राजनैतिक दलहरु, स्थानिय महाशिला विकास स्वयंसेवकहरुलाई सरिक अनिवार्य रुपमा गराउने र स्थानिय स्तरमा अनुगमनको जिम्मेवारी दिने ।

७. टोल वस्ति हुदै वार्ड घोषणाको कार्ययोजना वार्ड स्तरमा तयार पारी सवैलाई जानकारी गराउने ।

८. पालिकास्तरको घोषणा सवै वार्ड घोषणा पछि विशेष कार्यक्रम गरी गर्ने ।

**प्रमाणिकरण मिति : २०७५।०८।०४**

**आज्ञाले,**
**नामः किसान बहादुर क्षेत्री**
**प्रमुख प्रशासकीय अधिकृत**